वर्ष ५ अंक प साल २०८३ साउन ४ गते आईतबार पृष्ठ ८ मूल्य रू.१५/-

खबरदारी न्यूज
साप्ताहिक पत्रिका

# सुदुरपश्चिममा छाउगोठमा ८ जनाको मृत्यु र १ जनाको बलत्कार

**खबरदारी न्युज सम्वाददाता(डडेःधुरा):** सुदुरपश्चिम प्रदेशमा २०७६ साल भाद्र महिनादेखि हालसम्म छाउगोठमा ८ जनाको मृत्यु र १ जनाको बलत्कारको घटना भएको प्रहरी तथ्याङ्कमा उल्लेख छ। नेपाल प्रहरी सुदुरपश्चिम प्रदेश कार्यालय अपराध महाशाखाका प्रहरी निरिक्षक सरस्वती अधिकारीका अनुसार, छाउगोठमा मृत्यु र बलत्कारका घटनाहरू अत्यन्त चिन्ताजनक छन् ।



अछाममा ३ जनाको मृत्यु प्रहरी निरिक्षक अधिकारीका अनुसार, अछाम जिल्लामा मात्रै ३ जनाको मृत्यु छाउगोठमा भएको छ । त्यस्तै, १ जना महिला छाउगोठमा बलत्कारको शिकार भएको प्रहरीले जनाएको छ ।

प्रहरीका तथ्याङ्क अनुसार, कैलाली जिल्लामा १ व्यक्तिको मृत्यु छाउगोठमा बाघको आक्रमणबाट भएको छ भने कञ्चनपुर जिल्लामा एक व्यक्तिको मृत्यु सर्पदंशका कारण भएको बताइएको छ। यस्तै, बाजुरामा आगलागीका कारण आमा र छोराको मृत्यु छाउगोठमै भएको छ। प्रहरी निरिक्षक अधिकारीले यस्ता घटनाहरूको रोकथामका लागि छाउगोठमा बस्ने परिस्थिती नै हटाउनुपर्ने र समाजलाई सचेत गराउन आवश्यक रहेको बताइन् । उनले भनिन्, "समाजका सबै सदस्यले सचेत भएर यस्ता घटनाको पुनरावृत्ति रोक्न सघाउनुपर्छ।"

## छाउगोठ हटाउने कानुन कार्यान्वयनमा कमजोर

कञ्चनपुरको कृष्णपुरमा छाउपडी गोठमा सर्पले टोकेर कमला आउजीको मृत्यु भएको घटनापछि सरोकारवालाहरुले चेतनामूलक अभियानलाई तीव्र बनाउन र कानुनी प्रावधानको कडाईका साथ कार्यान्वयन गर्न जोड दिएका छन्।

सामाजिक विकास समितिको स्थलगत अनुगमनपछि स्थानीय बासिन्दा, जनप्रतिनिधि र अधिकारकर्मीहरुले परम्परागत अभ्यास अन्त्य गर्न व्यवहारिक उपायहरु अगाडि सार्न आग्रह गरेका हुन्। खास गरी छाउपडी गोठ भत्काउने सरकारी प्रयासले जनस्तरमा समर्थन नपाउदा प्रभावकारी नभएको देखिएको छ। कञ्चनपुरका प्रहरी प्रमुख तथा प्रहरी उपरीक्षक खड्कबहादुर खत्रीका अनुसार, स्थानीयको सहयोग विना गोठ भत्काउन गाह्रो हुने बताए ।

कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी लक्ष्मण ढकालले सरकारले छाउपडी गोठ बनाउने र त्यसमा बस्न लगाउने कुरालाई कानुनी रुपमा दण्डनीय मानेको भए पनि व्यवहारिक रुपमा कार्यान्वयन पक्ष कमजोर रहेकोले यस्तो घटना भएको बताए । कृष्णपुर नगरपालिकाका नगर प्रमुख हेमराज ओझ्राले नगरपालिका भरी दर्ता भएका १६ हजार घरधुरी रहेको र दर्ता हुन बाँकी समेत गरेर २० हजार



घरधुरी रहेको अनुमान रहेको बताउँदै तीमध्ये २०० देखि २५० घरमा मात्रै छाउपडी गोठहरु रहेको अनुमान गरे ।

नगर प्रमुख ओझ्राले चेतनाका कारण छाउगोठमा नबस्ने बनाउन समय लाग्ने भएकाले कानुनी रुपमै प्रवन्ध गरेर छाउपडी गोठमा बस्ने र बस्न पठाउनेलाई कारबाही हुने व्यवस्था गरेर बाध्यकारी बनाए मात्रै गोठमा बस्ने समस्या हट्ने बताए । नगर पालिकाले अहिले १५ दिनको समय दिएर आफै छाउगोठ भत्काउन भनेको र त्यस अवधिमा नभत्काए प्रहरी परिचालन गरेर भए पनि भत्काइने नगर प्रमुख ओझ्राले जानकारी दिए ।

मानव अधिकारकर्मी सविता जोशीले भनिन् "छाउपडी केवल संरचना भत्काउने कुरा होइन, यो चेतनाको लडाइँ हो। महिला महिनावारी भएका बेला अशुद्ध हुने भन्ने गहिरो सामाजिक धारणालाई तोड्न समुदायमै परिवर्तन ल्याउनुपर्छ।"


सामाजिक विकास समितिका सभापति धर्मराज पाठकले यस्ता कुरिती अन्त्य गर्न नीति निर्माण गरेर स्थायी समाधानका खोज्ने प्रयास गर्ने बताए। "हामी सुझावको आधारमा नीति बनाउने छौं, बजेट विनियोजन गराएर स्थायी चेतना कार्यक्रम चलाउने छौं," उहाँले भन्नुभयो, "आवश्यक परे यो विषयमा मुख्यमन्त्रीसित पनि छलफल चलाउने छौं।"

स्थलगत अनुगमनमा सामाजिक विकास समितिका समितिका सदस्य शिवराज भट्ट, जानकी कुँवर, प्रदेश सभाको महिला समन्वय समितिका संयोजक सन्तोष शर्मा थापा, सदस्यहरु लक्ष्मी विक, इन्दिरा गिरी, गीतादेवी माल, मधु भारती र गीता चौधरी सहभागी थिए । सो अनुगमन संसदीय मामिला पत्रकार समाज सुदूरपश्चिम र यूएनडिपीको संसद सहयोग परियोजनाको समेत सहकार्यमा भएको थियो ।

# डडेल्धुरामा हंसिया प्रहार गरी श्रीमतीको हत्या, श्रीमान् पक्राउ

**डडेल्धुराः** साउन १ गते डडेल्धुरा जिल्लाको गन्यापधुरा गाउँपालिका ३ डिलमा ५४ वर्षीय करन भुलले आफ्नै घरमा आफ्नी श्रीमती अन्दमजी ४० वर्षीया खिमा देवी भुललाई हंसिया प्रहार गरी हत्या गरेका थिए। हत्या गरेर फरार रहेका भुललाई आज बिहान ६:५५ बजे प्रहरीले पक्राउ गरेको हो ।

प्रहरी टोलीले जत्या गरि भाग्दै गरेको अवस्थामा गन्यापधुरा गाउँपालिका-३ गोयलखेतबाट करन भुललाई पक्राउ गरी जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखेको छ । घटनासम्बन्धी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय डडेल्धुराले जनाएको छ ।



# अत्तरिया-डडेल्धुरा जोड्ने भिमदत्त राजमार्गले यात्रुलाइ सास्ती

**डडेल्धुराः** सुदूरपश्चिम प्रदेशका सात पहाडी र दुई तराईका जिल्ला जोड्ने एक मात्रै राजमार्ग भिमदत्त राजमार्ग अहिले बेहाल छ। राजमार्गको मर्मतकालागि ठेक्का सम्झौता भए पनि काम पुरा नहुदा करिब २० किलोमिटरको यात्रा सास्ति पूर्ण छ। मालसामान र सवारीका साधन आउजाउमा दुर्घटनाको जोखिम उच्च छ।



सडक मर्मतको काम सुस्त हुँदा सवारी आवतजावत जोखिमपूर्ण बनेको छ भने सर्वसाधारणले दैनिक सास्ती खेप्दै आईरहेका छन । भिमदत्त राजमार्ग अन्तर्गत डडेल्धुराको मेलखर्क-साहुँखर्क, हगुल्टे लेक र कैलालीको बुढीतोला क्षेत्रमा पुरानो सडक खनेर छोडिएको छ । बर्खाको यो समयमा सडक खनेर छोडिदा ठूला ठूला खाल्टा भएका छन। यी क्षेत्रमा सडक हिलाम्मे हुदा गाडी ओहोर दोहोर गर्न निकै समस्या हुने गरेको छ।

ठूला गाडी भन्दा साना गाडीहरु संचालन गर्न निकै कठिन भएको हाईस चालक हरि साउदले गुनासो गरे। अप्ठेरो सबैलाई भएको छ। खाल्टा खुल्टि र हिलोका कारण यो क्षेत्रमा दुई घण्टासम्म ढिला हुने गरेको छ। गाडीहरु हिलोमा फस्छन। उनले भने, हाम्रा साना गाडीको तल ईञ्जिन भएको भाग ठोकिन्छ र बिग्रने हुदा खर्च बढेको छ।


निर्माण कम्पनीले ग्रावेलसमेत नहालेपछि सडक हिलाम्मे बनेको छ। सडकमा पानी जमेर खाल्डाखुल्टी थप गहिरि एका छन । सवारी चालक करन दियालका अनुसार बर्खामा यो सडक खण्ड भएर आउजाउ गर्नु सवारी साधन नै जोखिममा पार्नु हो । कतिपय ठाउँमा गाडी फस्ने र बिग्रने समस्या भइरहेको छ।

सडक डिभिजन कार्यालय कुलपाते डोटी अन्तर्गत पर्ने यो सडक खण्डको मर्मत दुई पटक टेण्डर भएको थियो। तर निर्माण कम्पनीले समयमै काम सम्पन्न गर्न नसक्दा सडकको बेहाल भएको हो। राजमार्ग समयमै मर्मत हुन नसक्दा समस्या भएको गुनासोपछि सडक डिभिजन कार्यालयले अनुगमन गरि ग्रावेल हाल्न लगाएको सडक डिभिजन कार्यालय कुलपातेका कार्यालय प्रमुख रमेश भट्टराईले जानकारी दिए। तर सडकको अवस्था जस्ताको त्यस्तै छ। वर्षाका कारण ग्रावेल हिलोमा परिणत भएको छ।

# बैतडीका पालिकाले यस वर्ष पनि छापेनन् स्थानीय पाठ्यक्रमको पुस्तक

**बैतडी** – शैक्षिक सत्र सुरु भएको तीन महिना बितिसकेको छ। तर, बैतडीका १० वटै पालिकाले अहिलेसम्म आफैले निर्माण गरेको स्थानीय पाठ्यक्रमको पुस्तक छाप्न सकेका छैनन्। गत शैक्षिक सत्रमा पनि पुस्तक नपढेरै विद्यार्थीले स्थानीय विषयको परीक्षा दिएका थिए।

पालिकाहरूले लाखौं रकम खर्च गरेर कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम निर्माण गरेका थिए। पञ्चेश्वर गाउँपालिकाले मात्र स्थानीय पाठ्यक्रम र सन्दर्भ सामग्री निर्माण गरेको छ। बाँकी नौ स्थानीय तहले पाठ्यक्रम मात्र निर्माण गरेका छन्।



सन्दर्भ सामग्री निर्माण गर्न नसकेका पालिकाका विद्यालयमा शिक्षकले बिना सन्दर्भ सामग्री पठनपाठन गराइरहेका छन्। गाउँपालिका शिक्षा शाखाबाट प्राप्त पाठ्यक्रमको नमुनाका अधारमा तयारी गरी विद्यार्थीलाई पढाइरहेको पिपलकोट माविका शिक्षक दीपक चन्दले बताए। 'हामी त पाठ्यक्रमकै आधारमा पढाउँछौं, विद्यार्थीसँग स्थानीय पाठ्यक्रमको पुस्तक नहुँदा पढाएको कुरा बुझ्दैनन्,' उनले भने, 'स्थानीय पाठ्यक्रमको पढाइ हुन लागेको दुई शैक्षिक सत्र हुँदा पनि पुस्तक नछाप्दा विद्यार्थीहरुको पढाइ प्रभावकारी भइरहेको छैन।'

पाठ्यक्रम निर्माण गर्दा प्रत्येक पालिकाले तीनदेखि पाँच लाखसम्म खर्च गरेका छन्। स्थानीय पाठ्यक्रमको पुस्तक छपाइका लागि खर्च व्यवस्थापन गर्न नसक्दा अहिलेसम्म स्थानीय पाठ्यक्रमको पुस्तक छाप्न नसकेको पञ्चेश्वर गाउँपालिका शिक्षा शाखा प्रमुख महामल सिंह घटालले बताए।

'जनक शिक्षा सामग्री केन्द्रले तोकेको दररेटमा स्थानीय पाठ्यक्रमको पुस्तक छाप्न सकिँदैन,' उनले भने, 'गाउँपालिकासँग पुस्तक छपाइको बजेट माग गर्दा अभाव बताउँछन्, पाठ्यक्रम निर्माण गरी लागू गरेको दुई वर्ष भइसक्यो, विद्यार्थीलाई पुस्तक दिन सकेका छैनौं।'

अरु पालिकाका शिक्षा शाखा प्रमुखहरुले पनि आर्थिक अभावले नै विद्यार्थीको लागि पुस्तक छाप्न नसकेको बताएका छन्। जिल्लामा कक्षा १ देखि ८ सम्म ४४ हजार विद्यार्थी अध्ययनरत छन्।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले माध्यमिक विद्यालयसम्मको व्यवस्थापन गर्ने जिम्मा स्थानीय तहलाई दिएको छ।

# अस्करमा फिल्म साक्षरता अभियान

**काठमाडौं** – दुई दशकदेखि फिल्म अध्यापन गर्दै आएको 'अस्कर इन्टरनेसनल कलेज'ले साउन ४ बाट फिल्म साक्षता अभियान सञ्चालन गर्दैछ। कलेज परिसरमा हुने एक दिने साक्षरता अभियानमा निर्देशन, पटकथा लेखन, अभिनय, छायांकनलगायतका विभिन्न विधाका आधारभूत विषय सिकाइने प्रधानाध्यापक रामराजा दाहालले बताए।



बिहान ११ बजेदेखि दिउँसो ४ बजेसम्म साक्षरता अभियानमा कलेजका विद्यार्थीद्वारा बनाइएका फिल्मसमेत प्रदर्शन हुनेछन्। यसअघि पनि अस्करले नेपालका १० ठूला सहरमा देशव्यापी फिल्म साक्षरता अभियान चलाइसकेको छ।

# एकीकृत समाजवादी र एकता राष्ट्रिय अभियानबीच एकता

**काठमाडौंः** नेकपा एकीकृत समाजवादी र एकता राष्ट्रिय अभियानबीच एकता भएको छ। राष्ट्रियसभा गृहमा आयोजित समारोहमा दुई पार्टीबीच एकता भएको हो।



माधव नेपाल नेतृत्वको एकीकृत समाजवादी र बामदेव गौतम नेतृत्वको एकता राष्ट्रिय अभियानबीच एकता भएको हो । एकतापछि माधव नेपाल र बामदेव गौतमले अंगालो हालेका थिए। त्यस्तै झलनाथ खनालसँग पनि गौतमले अंकमाल गरेका थिए।

# कञ्चनपुरमा वर्षा नहुँदा सुक्न थाल्यो रोपो

**कञ्चनपुरः** कञ्चनपुरका अधिकांश क्षेत्रमा रोपेको धान सुक्न थालेको छ। वर्षा नहुँदा रोपेको धान सुक्न थालेपछि कृषक चिन्तित बनेका हुन्।

कञ्चनपुरको शुक्लाफाँटा, कृष्णपुर, लालझाँडी, वेदकोटमा धान सुक्न थालेको छ। असारमा रोपाइँ गरेका कृषकले पानी नपर्दा धान सुक्न थालेको बताएका छन्। आकासे पानीका भरमा रोपाइँ गरेका शुक्लाफाँटा नगरपालिका-१० का कृषक कमला दमाईंले छ कट्ठामा रोपेको धान एक महिनासम्म पनि पर्याप्त पानी नपर्दा सुक्दै गएको दुःखेसो पोखेका छन्।

धान रोपाइँमा ट्याक्टरको जोताइ, मलखाद गरी नौ हजारभन्दा बढी लगानी खेर गाएको बताए। यस्तै सोही ठाउँका भीम दमाईंले आठ कट्ठामा धान रोपेकोमा अहिले सुक्दै गएको दुःखेसो पोखेका छन्।

शुक्लाफाँटा नगरपालिकाका कृषि शाखा प्रमुख करनसिंह बुढाऐरले कृषकले धान रोपेपछि पानी पर्न छोड्दा उँचो स्थानमा धान सुक्न थालेको बताए। समयमै पानी नपर्दा धानमा गबारो पनि देखिन थालेको उनले बताए। नहरको सिँचाइ सुविधा नपुगेका क्षेत्रमा किसानले धान सुक्दै गएको दुःखेसो पोखेका छन् भने नहर पुगेका क्षेत्रमा समेत नहरको पानी लगाउन पालो नपुगेको भन्दै धान उत्पादन घट्नेमा चिन्ता गरेका छन्। यसपालि धान खेतीका लागि आवश्यक पर्ने वर्षा नहुँदा जिल्लाका विभिन्न क्षेत्रमा धान



सुक्दै गएको कृषि प्राविधिकले बताएका छन्।

केही दिनदेखि कञ्चनपुरमा पर्याप्त वर्षा नभएको महाकाली बेसिन कार्यालयका प्रमुख सञ्जयकुमार शाहले बताए उनका अनुसार आगामी आइतवारसम्म कञ्चनपुरमा वर्षा नहुने देखिएको छ। सोमवारदेखि भने केही वर्षा हुने अनुमान गरिएको उनले बताए।

कञ्चनपुरमा कुल खेतीयोग्य जमिन ५९ हजार ६०२ हेक्टर रहेको छ। जिल्लामा ४८ हजार ४९६ हेक्टरमा धान खेती हुँदै आएको छ। जिल्लमा झन्डै १० हजार हेक्टरमा सिँचाइ सुविधा नपुगेको कृषि ज्ञान केन्द्र महेन्द्रनगर कञ्चनपुरका सूचना अधिकारी धर्मबहादुर साउदले बताए।


## हाम्रो अनुरोध

~ मिसावट गरिएका सडेगलेका तथा अस्वस्थकर खानेकुरा नखाऔं ।
~ उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
~ सार्वजनिक स्थानमा छाडा रुपमा चौपायाहरु नछोडौ ।
~ सभ्य नागरिकको पहिचान दिऔं ।
~ सडक तथा पेटि किनारामा आगमनमा अवरोध हुने गरि निमार्ण सामग्री नराखौ ।
~ पालिका बाट ईजाजत पत्र लिएर मात्र घर निमार्ण गरौं ।
~ बासिसडेगलेका खाने कुराहरु कहिलै नखाऔं ।
~ पानी उमालेर वा फिल्टर गेरर खाने गरौ ।

अर्जुन साउद (वडा अध्यक्ष)

कृष्णपुर नगरपालिका
वडा नंम्बर २
वाणि,कञ्चनपुर


# चैनपुर-ताक्लाकोट सडक निर्माण कार्यमा ढिलासुस्ती भएको भन्दै ठेकेदारलाई कारवाही गर्न माग

**बझाङ-** बझाङ सदरमुकामचैनपुरदेखि तिब्बतको ताक्लाकोट जोडने अति महत्वपुर्ण सडक निर्माण कार्यमा ढिलाइ गरेको भन्दै साइपाल गाउँपालिकाले निर्माण कम्पनीलाई कारवाही गर्न माग गरेको छ।

बझाङको बहुप्रतीक्षित सडक आयोजनामा निर्माण कम्पनीले ढिलासुस्ती गरेको भन्दै कडा कारबाहीको माग गरेको हो। गाउँपालिकाले बझाङका प्रमुख जिल्ला अधिकारी कैलाश ठकुराठीलाई ज्ञापनपत्र बुझाउँदै निर्माण कार्य अविलम्ब अगाडि बढाउन, बक्यौता ज्याला उपलब्ध गराउन तथा ट्र्याक खोल्ने कार्यमा तीव्रता दिन आग्रह गरेको छ।

साइपाल गाउँपालिकी उपाध्यक्ष डोल्मा तामाङले उक्त सडक त्रिदेशीय व्यापार तथा पर्यटन प्रवर्धन गर्ने लक्ष्यसहित सुरु गरिएको भए पनि निर्माण कार्य कछुवा गतिमा अघि बढिरहेको बताइन्। 'सम्झौता भएको ६ वर्ष बितिसक्दा पनि कम्पनीले २० किलोमिटर हाराहारीको मात्र ट्र्याक खोलेको छ। कामदारलाई लामो समयदेखि पारिश्रमिक नदिइएको गुनासो पनि व्यापक छ,' उनले भनिन्।

ताक्लाकोट सडक बझाङवासीको मात्रै नभई सुदूरपश्चिम प्रदेशको आर्थिक समृद्धिको मेरुदण्डको रूपमा हेरिएको छ। तर, निर्माणमा भएको ढिलाइका कारण चीन सरकारबाट प्राप्त हुने अपेक्षित सहायतासमेत रोकिएको जनाइएको छ। सडक निर्माणको जिम्मा पाएको स्वच्छन्द-नागार्जुन जेभीले २०७४ सालमा दुई वर्षभित्र काम सम्पन्न गर्ने सम्झौता गरेको भए पनि अहिलेसम्म बझाङ भागको १५५ किलोमिटरमध्ये करिब एक तिहाई मात्र ट्र्याक खोलिएको छ। कैलाली, अछाम, डोटी र बाजुरामा तुलनात्मक रूपमा काम अघि बढिसकेको भए पनि बझाङमा भने निर्माणकार्य निकै सुस्त भएको हो।




साइपाल गाउँपालिकाको कुवा-जाडलेख क्षेत्रमा ट्र्याक नै नखुलेको, कविलास तथा मानसरोवर जाने यात्रुका लागि बाटोको सुविधा नभएको र उरै भन्ज्याङ नाकालाई वैधानिक रूपमा विकास गर्न पहल नहुँदा स्थानीयवासी थप समस्यामा परेको साईपाल गाउँपालिकाले जनाएको छ।


**नगरपालिका बासीहरुमा अनुरोधः-**

- सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौं !
- नक्सा पास गरेर मात्र निर्माण कार्य शुरु गरौं !
- घर/जग्गा कर समयमै तिरौं !
- सार्वजनिक स्थलमा पशुचौपाया नछाडौं !
- बाल श्रमको अन्तय गरौं !
- जेष्ठ नागरिकको सम्मान गरौं !
- घर नजिक रुख रोपौं, वातावरण सफा राखौं !
- महिला हिंसा अन्तय गरौं !
- जथाभावि फोहर नगरौं, डस्टबिनको प्रयोग गरौं !

कृष्णपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गुलरिया, कञ्चनपुर

**जनहितमा जारी सन्देश**

१. घरजग्गा कर समयमा नै तिरी नागरिकको दायित्व पूरा गरौं ।
२. सडकको छेउ, किनारामा निर्माण सामग्रीहरु नराखौं ।
३. सार्वजनिक स्थलमा छाडा चौपाया नछोडौं ।
४. बालश्रमको प्रयोग नगरौं नगराऔं ।
५. जेष्ठ नागरिकको सम्मान गरौं ।
६. जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, बसाइ सराई लगायत व्यक्तिगत घटना सम्बन्धित वडा कार्यालयमा गइ दर्ता गरौं ।
७. महिला हिंसा अन्त्यका लागि आ-आफ्नो ठाउँबाट काम गरौं ।
८. आफ्नो घर पसल संघसंस्थाबाट निस्केको फोहर जथाभावी नफालौं, सभ्य नागरिकको परिचय बनाऔं ।
९. भुकम्प प्रतिरोधी घर निर्माण गरौं ।

चुरे गाउँपालिकाको कार्यालय
घरखेडा,कैलाली

~ तरकारि तथा फलफुलमा बिषदिको प्रयोग नगरौ । ~ बिऊ प्रयोग गर्दा गुणस्तरिय बिऊ खरिद गरौं ।
~ नर्सरिमा कुनै रोग देखा परेमा तुरुन्त नजिकैको कृषि प्राविधिकलाई खबर गर्ने गरौ ।

कृषि ज्ञान केन्द्र
डडेल्धुरा

# घाइते छाडा चौपायाको उद्धारमा विष्णु

**कञ्चनपुरका विष्णु पनेरुले घाइते छाडा चौपायाको उपचार र स्याहारमा सात वर्षदेखि काम गर्दै आएका छन् । उनले हालसम्म एक हजारभन्दा बढी जनावरको उद्धार तथा उपचार गरिसकेका छन् र अहिले पनि १० वटा घाइते गाईगोरुको हेरचाह गरिरहेका छन् । पनेरुले छाडा चौपाया व्यवस्थापनमा स्थानीय सरकारको उदासीनता र दण्ड जरिवानाको अभावलाई समस्याको रूपमा औंल्याए।**

**डडेल्धुराः** कञ्चनपुरको बेदकोट नगरपालिका-९ लालपुरका विष्णु पनेरुले आफ्नो ऊर्जाशील समय घाइते छाडा चौपायाको स्याहारमा समर्पित भएका छन् । पेसाले नेचर गाइड पनेरु सात वर्षदेखि अभियान नै चलाएर घाइते जनावरको उपचार र स्याहारमा समर्पित छन् । उनले सडक दुर्घटना होस वा अमानवीय व्यवहारका कारण घाइते भएका छाडा पशु चौपायाको उद्धार गरेर आफ्नै घरमा लगेर उपचार र स्याहार गर्ने गरेका छन् । पछिल्लो समय घाइते जनावरको उद्धारका लागि पनेरुको खोजी हुने गरेको छ ।

“घाइते, बिरामी छाडा चौपाया देखेपछि दयाको भावना जाग्छ, घरमै लगेर उपचार गर्छु”, पनेरुले भने, “उपचारपछि व्यवस्थापन गर्ने स्रोत नहुँदा पुनः सडकमै छाड्नुपर्दा नराम्रो लाग्छ ।” उनले हालसम्म करिब एक हजार बढी जनावरको उद्धार तथा उपचार गरिसकेको बताए ।

“अहिले पनि १० वटा घाइते गाई गोरु उपचारका लागि घरमै राखेको छु”, पनेरुले भने, “सामाजिक सञ्जालबाट थाहा पाएपछि मेरो अभियानमा सात-आठ जना अरू विद्यार्थी युवा पनि जोडिएका छन् ।”

शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा नेचर गाइडका रूपमा कार्यरत पनेरु मासिक रु २५ हजारसम्म आम्दानी गर्छन् । त्यसै आम्दानीबाट उनले जनावरको उपचार र स्याहारमा खर्च गर्ने गरेको बताए । “अहिले घाइते जनावर देख्ने बित्तिकै जिल्लाका विभिन्न स्थानबाट मलाई फोन गर्ने गरेका छन्”, उनले भने, “गाई गोरु मात्रै नभएर घाइते भएका कुकुर बिरालोलगायत अन्य जनावरको पनि उद्धार गरि रहेको छु ।”

छाडा चौपाया व्यवस्थापनका नाममा कञ्चनपुरमा पालिकाहरूले करोडौं रुपैयाँ खर्च गरिसकेका छन् । गौशाला निर्माण तथा छाडा चौपाया व्यवस्थापनका नाममा पालिकाहरूले करोडौं खर्च गरे पनि त्यसअनुसारको चौपायाहरूको व्यवस्थापन हुन सकेको छैन । छाडा



चौपायाकै कारण सडक दुर्घटनामा पशु चौपाया घाइतेसमेत हुने गरेका छन् । दूध दुहुन्जेल गाईलाई घरमा पाल्ने र दूध दिन छाडेपछि सडकमा छाड्ने प्रचलनले समस्या भएको पनेरु बताउँछन् ।

“सामुदायिक वन भएपछि त्यहाँबाट गाईबस्तुका लागि घाँस ल्याउन पाइएन चरन क्षेत्र पनि भएन”, उनले भने, “यसले गर्दा पनि छाडा चौपायाको समस्या विकराल बन्दै गएको छ ।” स्थानीय सरकारले हरेक वडा कार्यालय पशुपालन गरेको तथ्याङ्क राख्नुपर्ने उनको भनाइ छ। “दण्ड र जरिवाना नहुँदा जनावर छाडा छाड्ने प्रचलन बढ्दै गएको छ”, पनेरुले भने, “स्थानीय सरकारले दण्ड जरिवाना गरेको भए छाडा चौपाया न्यूनीकरण हुन्छ”, उनले छाडा चौपाया व्यवस्थापनका लागि स्थानीय सरकार गम्भीर नहुँदा समस्या विकराल बन्दै गएको बताए ।




अध्यक्ष तथा संञ्चालक दिपकराज भट्ट, सम्पादक : देबकि कुमारि भट्ट, प्रधान कार्यालय कृष्णपुर -१ कञ्चनपुर
शाखा कार्याल्य डडेल्धुरा सम्पर्क नम्बर : ९८४३८७९०५६ Gmail-bhattadeepak330@gmail.com